# 2018

नीति सम्बोधन

Policy Address

जातीय अल्पसङ्ख्यकहरूको सहायतालाई सबल बनाउने

# Strengthening Support

## for Ethnic Minorities

# हङकङ

एउटा विश्वव्यापी शहर हो जहाँ सांस्कृतिक रूपमा विविधतापूर्ण समूहहरू हाम्रो समुदायको अभिन्न अंगको रूपमा सिर्जना हुन्छन्। सरकारले सम्पूर्ण मानिसहरूका लागि समान र स्याहार गर्ने समुदाय सिर्जना गर्ने कुरालाई ठूलो महत्त्व दिन्छ।

जातीय अल्पसङ्ख्यकहरू (EMs) ले हङ कङलाई सक्रिय रूपमा योगदान गरिरहेका छन्। यद्यपि, सांस्कृतिक भिन्नता र भाषासम्बन्धी बाधाहरूका कारण, उनीहरूले शिक्षा रोजगार र सामाजिक एकीकरण सहितका विभिन्न क्षेत्रहरूमा कठिनाइहरूको सामना गर्न सक्छन्।

## जातिय अल्पसङ्ख्यकहरूका लागि परिष्कृत सहायता उपायहरू

हाम्रा EM समुदायहरूको बढ्दो विविध आवश्यकताहरूको ध्यान दिँदै, सरकारले क्रस-ब्यूरो सहकार्यलाई परिष्कृत गर्नका लागि प्रशासनिक मुख्य सचिवद्वारा सञ्चालित जातिय अल्पसङ्ख्यक मामिलाहरूको स्टियरिङ समिति सेट गरेको छ र त्यसले EM हरूको सहायतालाई सबल बनाउनका लागि 2019-20 बाट सुरु गरेर $500 मिलियनभन्दा धेरै खर्च गर्नेछ।

## जातीय अल्पसङ्ख्यकहरू हङकङका महत्त्वपूर्ण सदस्यहरू हुन्

EM जनसंख्या निरन्तर रूपमा वृद्धि भइरहेको छ र अहिले समग्र जनसंख्याको लगभग 3.8% पुगेको छ।




## 2014 का सहायता उपायहरू

2014 देखि, EM हरुले सार्वजनिक सेवाहरूमा समान पहुँचको आनन्द लिन र समुदायमा आफ्नो एकीकरणलाई सहजता दिलाउन सक्छन् भनी सुनिश्चित गर्नका लागि सरकारले विभिन्न क्षेत्रहरूमा उपायहरू कार्यान्वयन गरिरहेको छ। समावेश भएको वार्षिक खर्च $200 मिलियन नाघ्दछ।

### कार्यान्वयन गरिएका मुख्य उपायहरू

- प्राइमरी र सेकेण्डरी विद्यालयहरूमा "चिनियाँ भाषा पाठ्यक्रम दोस्रो भाषा सिकाइ ढाँचा (Chinese Language Curriculum Second Language Learning Framework) कार्यान्वयन गर्ने
- निजामती सेवासम्बन्धी जागिरहरूका चिनियाँ भाषा निपुणता आवश्यकताहरू (LPRs)को निरन्तर रूपमा समीक्षा गर्ने
- EM काम खोजिरहेकाहरूका लागि श्रम विभागका रोजगार सेवाहरूलाई सबल बनाउने
- कर्मचारी पुन: प्रशिक्षण बोर्ड (Employees Retraining Board (ERB)) द्वारा EM हरूका लागि समर्पित प्रशिक्षण पाठ्यक्रमहरू प्रस्ताव गर्ने
- EM हरूका लागि अतिरिक्त सहायता सेवा केन्द्र सेट गर्ने
- सार्वजनिक अस्पताल र क्लिनिकहरूमा दोभाषे तथा अनुवादन सेवाहरूलाई परिष्कृत गर्ने

### उपायहरूले नतिजाहरू निकालिरहेका छन्

- प्राइमरी स्तरका चिनियाँ भाषा नबोल्ने (NCS) विद्यार्थीहरूको चिनियाँ पढाइ तथा लेखाइको समग्र कार्यसम्पादनमा स्थिर सुधार
- EM हरूलाई भर्ना गर्ने विद्यालयहरूको संख्या वृद्धि भइरहेको छ। तिनीहरू मध्ये, 10 वा सोभन्दा धेरै NCS विद्यार्थीहरूलाई भर्ना गरेका र त्यसकारण चिनियाँ भाषा अध्ययनको सहायतालाई परिष्कृत गर्नका लागि अतिरिक्त पुनरावर्ती कोष उपलब्ध गराइएका विद्यालयहरूको संख्या 4 वर्षको समयमा लगभग 30% ले वृद्धि भएको छ
- 53 वटा निजामती सेवा ग्रेडहरुले आफ्नो चिनियाँ LPR हरू कम गरेका छन्/ गर्नेछन्
- 100 जनाभन्दा धेरै EM जवान प्रशिक्षार्थीहरूलाई जागिर प्रशिक्षण गराउनका लागि रोजगार सेवा राजदूतहरूको रूपमा संलग्न गरिएको छ
- कूल 8 वटा केन्द्रले समुदायमा EM हरूको एकीकरणलाई सहज बनाउनका लागि EM हरूलाई सहायता सेवाहरू उपलब्ध गराउँछन्। उक्त केन्द्रहरूले वार्षिक रूपमा 50 जनाभन्दा धेरै पूर्णकालीन EM कर्मचारीलाई रोजगारमा राख्छन् र 90 000 भन्दा धेरै मानिसहरूलाई सेवा प्रदान गर्छन्

- 8 वा सोभन्दा धेरै NCS विद्यार्थीहरू भर्ना गर्ने किन्डरगार्टेनहरूलाई उपलब्ध गराइने मौलिक फ्ल्याट-दरको अनुदानलाई विभिन्न स्तरका NCS विद्यार्थी भर्नाका लागि 5-श्रेणीका अनुदानले प्रतिस्थापन गरेर NCS विद्यार्थीहरूलाई भर्ना गर्ने किन्डरगार्टेनहरूका लागि अनुदानलाई परिष्कृत गर्ने –

| | |
|---|---|
| 1 - 4 जना विद्यार्थी | प्रति वर्ष $ 50,000 को नयाँ नगद अनुदान |
| 5 - 7 जना विद्यार्थी | 0.5 किन्डरगार्टेन शिक्षकको दरमा नयाँ अनुदान |
| 8 - 15 जना विद्यार्थी | 1 किन्डरगार्टेन शिक्षकको दरमा अनुदान (ज हालको व्यवस्था) |
| 16 - 30 जना विद्यार्थी | 1.5 किन्डरगार्टेन शिक्षकको दरमा वृद्धि गरिएको अनुदान |
| 31 वा सोभन्दा धेरै विद्यार्थीहरू | 2 किन्डरगार्टेन शिक्षकको दरमा वृद्धि गरिएको अनुदान |



- विद्यालयहरूलाई चिनियाँ भाषा अध्ययन र NCS विद्यार्थीहरूको शिक्षणलाई पेशागत सहायता उपलब्ध गराउनका लागि तृतीय श्रेणीका संस्थाहरूलाई आदेश दिन जारी राख्ने

# नयाँ उपायहरू
# शिक्षासम्बन्धी




- चिनियाँ भाषाको प्रयोग गरी विद्यार्थीहरूको चिनियाँ भाषा अध्ययनलाई सहायता गर्नका लागि NCS विद्यार्थीहरूलाई भर्ना गर्ने सेकेण्डरी विद्यालयहरूलाई कोष उपलब्ध गराउने

- विशेष शैक्षिक आवश्यकताहरू भएका NCS विद्यार्थीहरूलाई भर्ना गर्ने सार्वजनिक क्षेत्रका सामान्य विद्यालयहरूलाई 3-श्रेणीको संरचना अन्तर्गतको अतिरिक्त वित्तीय सहायता उपलब्ध गराउने –

| | |
|---|---|
| 1 - 9 जना विद्यार्थी | प्रति वर्ष $ 100,000 को नयाँ अनुदान |
| 10 - 25 जना विद्यार्थी | प्रति वर्ष $200,000 को नयाँ अनुदान |
| 26 वा सोभन्दा धेरै विद्यार्थीहरू | प्रति वर्ष $ 300,000 को नयाँ अनुदान |



## नयाँ उपायहरू

# रोजगारसम्बन्धी

- EM विश्वविद्यालयका विद्यार्थीहरूलाई सरकारमा अल्पकालीन इन्टर्नशिप कार्यक्रम उपलब्ध गराउने

- निरन्तर आधारमा निजामती सेवा ग्रेडहरूका चिनियाँ LPR हरुको समीक्षा गर्ने

- EM हरुलाई अनुशासनात्मक नैतिकताका साथ करियरलाई विचार गर्न प्रोत्साहन गर्नका लागि भर्ना प्रवर्द्धन र आउटरिचिङ प्रयत्नहरूलाई परिष्कृत गर्ने






- मामिला व्यवस्थापनको दृष्टिकोण मार्फत EM काम खोजिरहेकाहरूलाई रोजगार सेवाहरू उपलब्ध गराउन गैर-सरकारी संस्थाहरू (NGOs)सँग संयोजनमा पाइलट कार्यक्रम आरम्भ गर्नका लागि श्रम विभागको श्रमशक्ति सहायतालाई परिष्कृत गर्ने

- EM हरुका लागि ERB ले उपलब्ध गराएका समर्पित भाषा तथा उद्योग-विशेष प्रशिक्षण पाठ्यक्रमहरूको दायरालाई विस्तार गर्ने र निश्चित पाठ्यक्रमहरूका लागि भर्नासम्बन्धी आवश्यकताहरूको लचकतालाई परिष्कृत गर्ने



- आवश्यक परेको अवस्थामा EM हरू भएको ठाउँमा अग्रसक्रिय रूपमा गएर उनीहरूलाई मुलधारका कल्याण सेवाहरूसँग सम्बन्धित गर्न मनोनित आउटरिचिङ टोलीहरू सेट गर्न NGO हरूलाई आदेश दिने

- घरेलू तथा लैङ्गिक हिसाका विरूद्धमा EM हरूका लागि रोकथाम तथा सहायता सेवालाई सबल बनाउने





- भर्ना भएका विशेष आवश्यकताहरू भएका प्रि-स्कूल EM बालबालिकाको संख्या अनुसार विशेष बाल स्याहार केन्द्र र प्रारम्भिक शिक्षा तथा प्रशिक्षण केन्द्रहरूका लागि अतिरिक्त अनुदान उपलब्ध गराउने

## नयाँ उपायहरू

# सामाजिक कल्याणसम्बन्धी

- असक्षमताहरू भएका व्यक्तिहरूका लागि 5 वटा अभिभावक/आफन्त संसाधन केन्द्रहरूमा विशेषीकृत EM युनिटहरू सेट गर्ने



- सम्पूर्ण सरकार ब्यूरो र विभागहरूका साथसाथै EM हरूलाई सेवाहरू उपलब्ध गराउने सम्बन्धित संस्थाहरूलाई लागू हुने गरी जातीय समानताको प्रवर्द्धनको सम्बन्धमा प्रशासनिक निर्देशिकाहरूलाई सुधार गर्ने



- निजामती सेवाका नयाँ कर्मचारी र अग्र-पंक्तिका कर्मचारीलाई थप सांस्कृतिक संवेदनशीलता/समान अवसरका प्रशिक्षण उपलब्ध गराउने



# नयाँ उपायहरू

# सामाजिक एकीकरणसम्बन्धी

- CHEER Centre मा दोभाषे तथा अनुवादन  सेवाहरूलाई परिष्कृत गर्ने र भियतनामीमा नयाँ सेवाहरू परिभाषित गर्ने

- विशेषगरी नयाँ आगन्तुक र युवा EM का सेवा क्याटरिङका EM हरूलाई सहायता सेवा केन्द्रहरूका सेवाहरू अझ सबल बनाउने



- EM र स्थानीय समुदायहरूकाबीचमा अन्तरक्रिया र छलफललाई प्रोत्साहित गर्न थप डिस्ट्रिक्टमा आधारित क्रियाकलापहरू संगठित गर्ने

- EM बालबालिका तथा युवालाई अनुशासित बल र जुनियर प्रहरी कल (Junior Police Call) कार्यक्रमहरूद्वारा विद्यालयहरूको पहुँचमार्फत संलग्नतालाई  अझ सबल बनाउने

प्रशासनका मुख्य सचिवले **सञ्चालन** को जातीय अल्पसंख्यक  परिषद्का सञ्चालक समितिद्वारा नयाँ उपायहरू, शेयरधनीहरूलाई  **संलग्न गराउने** र तिनीहरूको प्रभावकारी कार्यान्वयनको **निरीक्षण** गर्ने नेतृत्व गर्नुहुनेछ।

जानकारी सेवाहरू विभागद्वारा डिजाइन गरिएको
सरकारी लजिस्टिक्स विभागद्वारा प्रिन्ट गरिएको
हङकङ सरकार विशेष प्रशासनिक क्षेत्र
(पुनरावर्तित कागजमा वातावरण मैत्री मसीले प्रिन्ट गरिएको)